प्रति इकाई मूल्य रू.१०/- दरको १२,००,००,००० (बाह्र करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,८०,००,००० (एक करोड असी लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री नबिल बैंक लिमिटेडका लागि १४ प्रतिशत वा १,६८,००,००० (एक करोड अठ्साठ्ठी लाख) इकाई तथा योजना व्यवस्थापक श्री नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेडलाई १ प्रतिशत वा १२,००,००० (बाह्र लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम १०,२०,००,००० (दश करोड बीस लाख) इकाई स्वीकृत विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रूपमा बिक्रीका लागि खुल्ला गरिएको ।

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १०० (एक सय)

दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : १ करोड २० लाख

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

धितोपत्र सम्वन्धी ऐन २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक:

NABIL BANK

योजना व्यवस्थापक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड

नबिल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

नबिल ब्यालेन्सड् फण्ड २ (Nabil Balanced Fund II) को

आव्हान पत्र

निष्कासन खुल्ला मिति : २०७६/०१/०५ गते

निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७६/०१/०९ गते (बैंकिङ्ग समय पश्चात्)

निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७६/०२/०३ गते (बैंकिङ्ग समय पश्चात्)

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०७५/१२/१० गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१	क	योजनाको नाम	नबिल ब्यालेन्सड् फण्ड २ (Nabil Balanced Fund II)
	ख	योजनाको आकार	रु.१,२०,००,००,०००/- (एक अर्ब बीस करोड)
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-end)
२	क	निष्काशन गर्न लागिएको इकाई सङ्ख्या	१२,००,००,००० (बाह्र करोड)
	ख	प्रति इकाई मूल्य	रु.१०/- (दश)
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	६,००,००,००० (छ करोड)
	घ	अधिकतम सकारिने इकाई सङ्ख्या	१५,००,००,००० (पन्ध्र करोड)
	ङ	योजनाको अवधि	१० वर्ष
	च	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले १० वर्ष ।
	छ	योजना बिक्री खुल्ला हुने मिति	२०७६/०१/०५
	ज	योजना बिक्री बन्द हुने मिति (छिटोमा)	२०७६/०१/०९
		योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०७६/०२/०३
	झ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।
	ञ	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय)
	ट	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या	१,२०,००,००० (एक करोड बीस लाख)
	ठ	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भएपश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने ।
	ड	सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने ।
३		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिने ।
४		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानूनबमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने ।
५		योजना व्यवस्थापकको	
		नाम तथा ठेगानाः	नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड, का.जि.का.म.पा. वडा नं. १, नक्साल, काठमाडौं ।
		स्थापित ऐनः	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ ।
		दर्ता मितिः	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६६/१०/२४ (दर्ता नं. १२११/०६६/०६७) ।
		बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	२०६९/०५/२७ ।
६		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एस.आर. पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्स, महाराजगञ्ज, काठमाडौं ।
७		योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	टि.आर. उपाध्याय एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौं ।
८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. श्री नविन कुमार वर्मा, ठेगानाः १४१, सरस्वती थान मार्ग, गैरीधारा, काठमाडौं । २. श्री देबी प्रसाद शर्मा बिडारी, ठेगानाः झापा, घैलाडूब्बा-६ । ३. सि.ए. मदन कृष्ण शर्मा, ठेगानाः बालुवाटार, काठमाडौं-३ । ४. श्री देब बहादुर बोहोरा, ठेगानाः देहिमाण्डौ, बैतडी । ५. श्री फत्त बहादुर के.सी., ठेगानाः ५४१, डिल्लीबजार, काठमाडौं-२९ ६. प्राध्यापक पवन कुमार ओझा, ठेगानाः १९०/५४, स्लेषमान्तक मार्ग, सिनामंगल, काठमाडौं-९ । ७. प्राध्यापक डा. विजय कुमार के.सी., ठेगानाः ५/९६ बिक्रम भवन, मानभवन, ललितपुर । ८. प्राध्यापक डा. शुरवीर पौड्याल, ठेगानाः ३१२/१३ गीतांजली मार्ग, काठमाडौं-४ । ९. श्री विनोद बाबु काफ्ले, ठेगानाः शत्य साई गल्ली, कोटेश्वर, काठमाडौं-३५ ।
९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	कोष प्रवर्द्धकको रेटिङ्ग : "[ICRANP - IR] AA- (Reaffirmed)" योजन ब्यबस्थापकको रेटिङ्ग : "[ICRANP] AMC Quality 3+ (AMC3+) (Reaffirmed)"
१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधीनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र । ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।
११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड, नक्साल, काठमाडौं ।
१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे बमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको बुँदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको ।

२. कोष प्रवर्द्धकसम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : श्री नबिल बैंक लिमिटेड

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः नबिल बैंक लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २०४१/०१/२९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । मिति २०४१/०३/१२ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी बैंकले २०४१/०३/२९ गते देखि आफ्नो वित्तीय कारोवार गर्दै आएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ (तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१) बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वित्तीय संस्थाको रुपमा बैंकलाई मिति २०६३/०२/१२ मा पुनः इजाजत प्राप्त भई "क" वर्गको इजाजतप्राप्त संस्थाको रुपमा बैंकले आफ्नो कारोबार सञ्चालन गरिरहेको छ । यस बैंकमा ७०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको र ३०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । बैंकिंग क्षेत्रमा यस बैंकले एक अग्रणी बैंकको भूमिका निर्वाह गरिरहेको छ ।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्रअनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

नबिल बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

१. **समष्टिकृत वासलातः**

विवरण	वास्तविक (रु. हजारमा)			*आ.ब.०७५/०७६ पौष मसान्त#
	आ.ब.०७२/०७३#	आ.ब.०७३/०७४#	आ.ब.०७४/०७५#	
सम्पत्ति				
नगद तथा नगद समान	६,०८२,९१३	७,३०१,८६७	८,२३२,२७२	९,००१,२८१
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने रकम	५,२३१,३३४	५,९२४,५७०	७,३७२,२८५	१७,५३९,६११
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा लगानी	१८,२६६,७६२	२०,५१४,७०५	१०,१६०,२८१	-
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	२४,३४१	३२,६५५	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	२३,२७०	५८,६९७	७४,५५३	-
बैंक तथा वित्तिय सस्थालाइ प्रवाह गरेको कर्जा तथा सापटी	२,७७८,६८५	३,३२२,३२२	४,५६५,७९०	-
ग्राहकहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी	७५,४३२,४६२	८९,१४९,०१९	१०९,०५९,३६५	१३०,७१०,६७५
धितोपत्रमा गरेको लगानी	२१,५४०,०१६	१५,४७३,१३४	१८,५३५,०८३	१८,२०७,६७२
चालू कर सम्पत्ति	६,४४६	६८,२९१	२५८,४५४	-
सहायक कम्पनीमा लगानी	-	-	-	८०,०००
सम्बद्ध कम्पनीमा लगानी	५०,१९२	६७,७६६	७९,५८६	-
सम्पत्तिमा लगानी	-	-	८,२१९	-
सम्पत्ति र उपकरण	७८७,७४३	८१३,१२४	१,००७,७३८	९९७,२९२
गुडवील (ख्याति) र अमूर्त सम्पत्ति	१४,५३७	६१,५८८	५०,८७१	४३,७९८
स्थगन कर सम्पत्ति	-	-	४,०३३	-
अन्य सम्पत्ति	१,४४७,११५	१,६२२,७१२	२,११६,७००	१,६३०,५५०
कूल सम्पत्ति	१३१,६८५,८१४	१४४,४१०,४४९	१६१,५२५,२३०	१७८,२१०,०७९
दायित्व				
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	२,८७९,६१९	४,५०४,६६२	१,१६८,६६५	-
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	-	१३,३८५	३२,५१८	-
व्यूत्पन्न (डेरिभेटिभ) वित्तीय उपकरण	-	-	५३,८४०	-
ग्राहकहरुको निक्षेप दायित्व	१०९,२३१,७७१	११७,२२४,६२५	१३४,५७१,०८३	१४९,३४६,६०४
सापटी	-	-	-	४०४,७००
चालू कर दायित्व	-	-	-	-
व्यवस्था रकमहरु	-	-	-	-
स्थगन कर दायित्व	१,१६४,३२६	१,०४३,००६	१,००९,७६२	-
अन्य दायित्वहरु	३,४७८,८२०	४,३७७,५०२	३,७६९,८९५	५,६९०,३७७
जारी गरिएको ऋणपत्र	३००,०००	३००,०००	६०,०००	-
असुरक्षित सहायक आवधिक दायित्व	-	-	-	-
कूल दायित्व	११७,०५४,५३६	१२७,४६३,१८०	१४०,६६५,७६३	१५५,४४१,६८१
पूँजी				
शेयर पूँजी	६,१८५,५०७	८,०४३,२२१	८,०४३,२२१	८,०४३,२२१
शेयर प्रिमियम	७४	७४	७४	-
सञ्चित मुनाफा	१,१७६,७२७	१,०३८,१४५	३,३७८,३८९	-
जगेडा	७,१५३,२१९	७,७२२,६३५	९,२८८,२५२	१४,५९१,४७०
शेयरधनीहरुको कूल जेथा	१४,५१५,५२७	१६,८०४,०७५	२०,७०९,९३६	२२,६३४,६९१
गैर नियन्त्रित स्वार्थ	११५,७५१	१४३,१९३	१४९,५३१	१३४,५०७
जम्मा पूँजी	१४,६३१,२७८	१६,९४७,२६८	२०,८५९,४६७	२२,७६९,१९८
जम्मा दायित्व र पूँजी	१३१,६८५,८१४	१४४,४१०,४४९	१६१,५२५,२३०	१७८,२१०,०७९
सम्भावित दायित्व तथा प्रतिवद्धता	३५,२८७,०४२	३०,६३३,१५८	४२,३८३,४७१	-
प्रति शेयर खूद सम्पत्ति	१८०.४७	२०८.९२	२५७.४८	-

२. **समष्टिकृत नाफा-नोक्सान हिसाब**

विवरण	वास्तविक (रु. हजारमा)
	आ.ब.०७२/०७३
१ ब्याज आम्दानी	६,१७०,४६२
२ ब्याज खर्च	१,८२९,४९१
खुद ब्याज आम्दानी	४,३४०,९७१
३ कमिशन तथा डिस्काउण्ट	५०८,७९७
४ अन्य सञ्चालन आम्दानी	३८१,२०५
५ सटही घटबढ आम्दानी	५८६,०५७
कुल सञ्चालन आम्दानी	५,८१७,०३१
६ कर्मचारी खर्च	७८७,९०१
७ अन्य सञ्चालन खर्च	६२३,९६६
८ सटही घटबढ नोक्सान	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा/नोक्सान	४,४०५,१६५
९ सम्भावित नोक्सानी व्यवस्थाहरु	५,०७६
सञ्चालन मुनाफा	४,४००,०८९
१० गैर सञ्चालन आम्दानी/(खर्च)	४४,४३६
११ सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	५२,१५१
नियमित कारोबारबाट भएको मुनाफा	४,४९६,६७५
१२ असामान्य कारोबारहरुबाट भएको मुनाफा/(नोक्सान)	(४७,३०१)
सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा	४,४४९,३७५
१३ कर्मचारी बोनस व्यवस्था	४०५,८३६
१४ आयकर व्यवस्था	१,२०१,८६८
यस वर्षको	१,२१२,३९७
गत वर्षको	-
यस वर्षको स्थगन कर (आम्दानी)/खर्च	(१०,५२९)
१५ सहायक कम्पनी मुनाफामा नियन्त्रण नहुने स्वार्थको हिस्सा	१८,२१०
खुद नाफा/(नोक्सान)	२,८२३,४६१

विवरण	वास्तविक (रु. हजारमा)		*आ.ब.०७५/०७६ पौष मसान्त#
	आ.ब.०७३/०७४#	आ.ब.०७४/०७५#	
ब्याज आम्दानी	८,२१९,४३१	११,३८६,४९८	७,३५०,३३९
ब्याज खर्च	२,५८६,८६६	५,०८२,७१६	३,७१३,२८७
खूद ब्याज आम्दानी	५,६३२,५६५	६,३०३,७८२	३,६३७,०५२
शुल्क तथा कमिशन आम्दानी	१,०५६,७२७	१,१३३,७९७	६९५,२६८
शुल्क तथा कमिशन खर्च	१५,३५१	२१,९०७	६७,२४९
खूद शुल्क र कमिशन आम्दानी	१,०४१,३७६	१,१११,८८९	६२८,०१९
खूद ब्याज, शुल्क र कमिशन आम्दानी	६,६७३,९४१	७,४१५,६७२	४,२६५,०७१
खूद व्यापारिक आम्दानी	३२२,२५०	३८३,६५७	-
अन्य सञ्चालन आम्दानी	४७०,७३५	५४४,३१२	४७३,३१९
कूल सञ्चालन आम्दानी	७,४६६,९२५	८,३४३,६४१	४,७३८,३९०
कर्जा तथा अन्य नोक्सानीको लागि व्यवस्था/(फिर्ता)	(१२,४१०)	१७५,८५८	२२९,७५४
खूद सञ्चालन आम्दानी	७,४७९,३३५	८,१६७,७८२	४,५०८,६३६
सञ्चालन खर्च			
कर्मचारी खर्च	१,४५०,०८७	१,७५०,३१३	९५६,७५५
अन्य सञ्चालन खर्च	५६१,६४९	५९३,९६९	४५५,२०३
ह्रास कट्टी र परिशोधन	१०७,०७२	१२९,४१८	-
सञ्चालन मुनाफा	५,३६०,५२६	५,६९४,०८३	३,०९६,६७८
गैर सञ्चालन आम्दानी	३३,७२१	२३,००९	१,७६२
गैर सञ्चालन खर्च	४,८८७	६,८०५	-
आयकर अघिको मुनाफा	५,३८९,३६०	५,७१०,२८६	३,०९८,४४०
आयकर खर्च			
चालू कर खर्च	१,५६९,२३५	१,७०१,१३६	९१२,४८५
स्थगन कर	२८,५९७	(१२,१६८)	-
यस अवधिको मुनाफा	३,७९१,५२८	४,०२१,३१८	२,१८५,९५५
मुनाफा बाँडफाँट			
बैंकका शेयरधनीहरु	३,७४९,६८६	४,०००,५८०	
गैर नियन्त्रित स्वार्थ	४१,८४२	२०,७३८	
यस अवधिको मुनाफा	३,७९१,५२८	४,०२१,३१८	-
प्रति शेयर आम्दानी			
आधारभूत प्रति शेयर आम्दानी	४७.१४	५०.००	
घुलित (डाइलुटेड) प्रति शेयर आम्दानी	४७.१४	५०.००	

* पौष मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण । # As per NFRS

विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक		
	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४#	आ.ब.०७४/०७५#
शेयर सङ्ख्या	६,१८,५५,०७०	८,०४,३२,२१०	८,०४,३२,२१०
प्रति शेयर नेटवर्थ (रु).	२४४.००	२०७.६२	२५५.९५
प्रति शेयर आम्दानी (EPS)	५९.२७	४६.०३**	४९.५१**

** Diluted EPS #As per NFRS

५. योजना व्यवस्थापक सम्बन्धी विवरण :

१. *योजना व्यवस्थापकको नाम :* **श्री नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड ।**

२. *योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :* योजना व्यवस्थापक कम्पनीः श्री नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।

३. *योजना व्यवस्थापकको रजिष्टर्ड ठेगानाः* काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, नारायणचौर, नक्साल ।

४. *योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :*
नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६६/१०/२४ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायीः मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०१/१३ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आएको छ । कम्पनीले आफ्नो स्थापना वर्षमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन कार्य गरेकोमा हाल कम्पनीले सोको अलावा आफूले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवासमेत प्रदान गर्दै आइरहेको छ । साथै यस कम्पनीले मिति २०६९/०५/२७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी नबिल म्युचुअल फण्ड अन्तर्गतको पहिलो योजना नबिल ब्यालेन्सड् फण्ड १ को योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरेको र सो योजना सफलतापूर्वक समापन गरेको र दोस्रो योजना नबिल इक्वीटी फण्डको विगत २ बर्षदेखि योजना व्यवस्थापक/डिपोजिटरीको रूपमा समेत कार्य गरिरहेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भएबमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकतानुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसंग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :** कम्पनीले बजारको अवस्था हेरी आफ्नो दोस्रो योजना र यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरुसमेत सञ्चालनमा ल्याउनेछ । बोर्डको अनुमति लिई धितोपत्र सम्बन्धी अन्य व्यवसायहरु गर्ने कम्पनीको योजना रहेको छ । कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी नेपाल भर आफ्नो सेवा विस्तार गर्ने तथा इन्भेष्टमेन्ट बैंकिंग क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ ।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यस्थापकको व्यवसायको भविष्य :** बजारमा संस्थागत लगानीकर्ताको न्यून सहभागिता रहेको बर्तमान अवस्थामा यसले धितोपत्र बजार मुल्यमा आउन सक्ने अस्वभाविक उतार चढावलाई सन्तुलनमा ल्याउने तथा जन साधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उचित प्रतिफल प्रदान गर्न र सो बाट धितोपत्र बजारमा जनसाधारणको सहभागिता अभिबृद्धि गरी समस्त धितोपत्र बजारको विकासमा सहयोग पुऱ्याउनेछ । यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ । कम्पनी आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ । साथै यस प्रकारको व्यवसायमा व्यवसायिक तथा प्रतिस्पर्धि संस्थाको रूपमा अघि बढ्नेछ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	सङ्ख्या
१	क समूहका शेयरधनी श्री नबिल बैंक लिमिटेडबाट प्रतिनिधि	२ जना
२	ख समूहका शेयरधनी श्री सि.जि.फिन्को लि. बाट प्रतिनिधि	२ जना
३	स्वतन्त्र व्यवसायिक सञ्चालक	२ जना
	जम्मा	६ जना

क र ख समूहको हकमा सम्बन्धित संस्थाहरुबाट मनोनित हुने र स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिले गर्ने प्रावधान रहेको छ ।

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी :

क) अधिकृत पूँजी : रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड) रु.१००/- अंकित दरका २०,००,००० कित्ता शेयरमा विभाजित ।
ख) जारी पूँजी : रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड) रु.१००/- अंकित दरका २०,००,००० कित्ता शेयरमा विभाजित ।
ग) चुक्ता पूँजी : रु.२०,००,००,०००/- (अक्षरेपी बीस करोड) रु.१००/- अंकित दरका २०,००,००० कित्ता शेयरमा विभाजित ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा)	शैक्षिक योग्यता	अनुभव
१	श्री नबिल बैंक लिमिटेड	तीनधारा, काठमाडौं	नेपाली	५२.००	लागू नहुने	बैंकिंग क्षेत्रमा ३४ बर्ष भन्दा बढी देखि सेवा दिइरहेको क बर्गको इजाजतप्राप्त बैंक ।

द्रष्टव्यः योजना व्यवस्थापक कम्पनीमा बाँकी ४८.०० प्रतिशत शेयर स्वामित्व श्री सि.जी.फिन्को लि.को रहेको ।

ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१	श्री वंसिधर घिमिरे (स्वतन्त्र व्यवसायिक सञ्चालकको तर्फबाट)	अध्यक्ष	७४	नेपाली	नयाँबजार, काठमाडौं	एम.कम. र एम.एस.सी.	नेपाल सरकारबाट अवकाश प्राप्त (विशेष श्रेणी सचिव सरह) ।
२	श्री भरत अधिकारी (स्वतन्त्र व्यवसायिक सञ्चालकको तर्फबाट)	सञ्चालक	६२	नेपाली	सैंबु, ललितपुर	स्नातकोत्तर व्यवस्थापन तथा लेखा	वित्तीय तथा लेखा व्यवस्थापनमा ३० बर्षको अनुभव । संचालक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (२००९ तथा २०१०), कोर बैंकिङ्ग सिष्टम कृषि विकास बैंक (२००८ तथा २०१०)
३	श्री विनय कुमार रेग्मी (नबिल बैंक लि.को तर्फबाट)	सञ्चालक	५२	नेपाली	बालुवाटार, काठमाडौं	एम.बि.ए	बैंकिंग तथा वित्तीय क्षेत्रमा ३१ वर्षभन्दा बढीको अनुभव ।
४	श्री कृष्ण दत्त भट्टराई (नबिल बैंक लि.को तर्फबाट)	सञ्चालक	४६	नेपाली	वडा नं. १०, शंखमुल, काठमाडौं	एम.बि.ए	बैंकिंग तथा वित्तीय क्षेत्रमा २६ वर्षभन्दा बढीको अनुभव ।
५	श्री राहुल चौधरी	सञ्चालक	३५	नेपाली	सानेपा, ललितपुर	कोर्नेल विश्वविद्यालय (पिडिपि), यूएसए	कार्यकारी निर्देशक - सि.जि. कोर्प
६	श्री सुभाष थापा (सि.जी.फिन्को लि.को तर्फबाट)	सञ्चालक	३८	नेपाली	बुढानिलकण्ठ, काठमाडौं	एमएसी (Accounting and Finance)	Beed Management Pvt. Ltd. - 17th October 2008 देखि 31st August 2015 सम्म Moses Pvt. Ltd. - 1st October 2017 देखि 16th July 2018 सम्म महाप्रबन्धक (Business Development and sales) को रुपमा कार्य गर्नु भएको ।

११. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	अनुभव
१	श्री सबिर बादे श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	३४	एसिसिए	- प्रमुख कार्यकारी अधिकृत, नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड, चैत्र २०७४ देखि । - नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा प्रमुख इन्भेष्टमेन्ट बैंकिंगको रुपमा चैत्र, २०७२ देखि आवद्ध । - एनआईबिएल क्यापिटल मार्केट्स लि. NIBL Mutual Fund को प्रमुखको रुपमा करिब ३ बर्षको कार्यानुभव । - BDO International, संयुक्त राज्यमा Assistant Manager को रुपमा Audit, Advisory, Global Outsourcing मा करिब ३ वर्षको कार्यानुभव ।
२	श्री सचिन्द्र ढुङ्गाना	प्रमुख वित्त तथा प्रशासन	३१	सी.ए	- नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडमा प्रमुख वित्त तथा प्रशासनको रुपमा करिब १ वर्षको कार्यानुभव । - एनआईबिएल क्यापिटल मार्केट्स लि.मा प्रमुख - म्युचल फण्ड, लेखा तथा प्रशासनको रुपमा करिब १.५ बर्षको कार्यानुभव । - एसआर पाण्डे एण्ड कं.मा Audit Manager को रुपमा करिब ३ बर्षको कार्यानुभव । - पिएल श्रेष्ठ एण्ड कं. मा Audit Officer को रुपमा करिब ३ बर्षको कार्यानुभव ।

१२. योजना व्यवस्थापकको वित्तीय विवरण :

१. **वासलात :** (रु. हजारमा)

विवरण	वास्तविक			*आ.ब.०७५/०७६ पौष मसान्त#
	आ.ब.०७२/०७३#	आ.ब.०७३/०७४#	आ.ब.०७४/०७५#	
सम्पत्तिहरु				
नगद वा सो सरह	२७८,०२५	३३८,४४४	५११,५०८	३४३,९२२
वित्तीय लगानीमा (भुक्तानी मितिसम्म धारण गर्ने)	८३,०००	१६३,०००	१५५,०००	१५५,०००
वित्तीय लगानीमा (व्यापारिक लगानी)	२३,२७०	५८,६९७	७४,५५३	६२,६५१
वित्तीय लगानीमा (बिक्रीको लागि उपलब्ध)	-	-	-	-
सम्पत्ति प्लाण्ट र उपकरणहरु	१७,५३०	२२,१५९	२१,४७८	१८,८९८
अमुर्त सम्पत्ति	२९४	१७३	५३७	४७२
अन्य सम्पत्ति	५९,४४९	५६,७७७	४६,३९१	५६,३७३
वर्तमान आयकर सम्पत्ति	१,१११	१५,३०९	१२,२४१	११,३८५
स्थगन कर सम्पत्ति	-	-	४,०३३	४,०३३
जम्मा सम्पत्ति	४६२,६७९	६५४,५५९	८२५,७४२	६५२,७३३
दायित्वहरु				
लगानीकर्ताहरुलाई फिर्ता गर्नुपर्ने रकम	१६१,२७६	२९०,५७९	४६५,१४३	३४५,५८४
अन्य वित्तीय दायित्व	५२,६०९	४९,८१०	४०,४५१	२१,७१२
अन्य दायित्व	६,४२४	१४,७३६	९,०१७	५,२१४
बिलम्बित कर दायित्व	१,२२२	१,११६	-	-
जम्मा दायित्व	२२१,५३१	३५६,२३९	५१४,६११	३७२,५०९
इक्विटी				
शेयर पूँजी	१५०,०००	१५०,०००	२००,०००	२००,०००
संचित नाफा	७१,३४८	१२८,५१९	१११,१३०	८०,२२३
अन्य जगेडा तथा कोष	१९,८००	१९,८००	-	-
जम्मा इक्विटी	२४१,१४८	२९८,३१९	३११,१३०	२८०,२२३
जम्मा दायित्व तथा इक्विटी लगानी	४६२,६७९	६५४,५५८	८२५,७४१	६५२,७३३

ख. नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)
	आ.ब.०७२/०७३
आम्दानी	
मर्चेन्ट बैंकिंगबाट आम्दानी	२४,२६१.४२
सामुहिक लगानी कोषबाट आम्दानी	३५,२०४.३५
ब्याज आम्दानी	१६,३०३.०२
अन्य आम्दानी	१६,४७५.७९
जम्मा आम्दानी	९२,२४४.५९
खर्च	
कर्मचारी खर्च	१२,५९४.२५
साधारण सञ्चालन खर्च	१८,०९२.१६
ह्रासकट्टी खर्च	४,६१४.३५
ब्याज खर्च	१,३०२.७६
संदिग्ध ऋणको लागि प्रावधान	
जम्मा खर्च	३६,६०३.५२
नियमित कारोबारबाट भएको मुनाफा	५५,६४१.०७
कर्मचारी बोनस व्यवस्था	५,०५८.२८
कर अगाडिको नाफा	५०,५८२.७९
आयकर व्यवस्था	१२,६४५.७०
यस वर्षको	१२,६८८.२९
स्थगन कर	(४२.५९)
खुद नाफा/(नोक्सान)	३७,९३७.०९

(रु. हजारमा)

विवरण	वास्तविक		*आ.ब.०७५/०७६ पौष मसान्त#
	आ.ब.०७३/०७४#	आ.ब.०७४/०७५#	
आम्दानी			
मर्चेन्ट बैंकिङ्ग व्यावसायबाट आम्दानी	३७,१८९	२३,१८८	८,४०३
म्युचअल फण्ड व्यवस्थापनबाट आम्दानी	६०,४८२	५३,२५४	९,०२१
ब्याज आम्दानी	७०,९१४	४१,७२५	२५,६९७
अन्य आम्दानी	१४,२८२	११,८५३	३,८६८
वित्तीय लगानीबाट नाफा/नोक्सानी	(१,७९६)	(१२,२५०)	(४,८८७)
जम्मा आम्दानी	१८१,०७१	११७,७७१	४२,१०२
खर्चहरु			
कर्मचारी खर्च	२६,९४३	२३,१६३	१०,६५७
ब्याज खर्च	१,१२९	२	-
सम्पत्ति र उपकरणमा ह्रासकट्टी	५,३२३	५,३२१	२,६१४
अमुर्त सम्पत्तिको ह्रासकट्टी	२३२	१७६	६५
अन्य संचालन खर्च	२९,६८८	३३,७२८	१५,७७६
जम्मा खर्च	६३,३१४	६२,३८९	२९,११२
कर अधिको संचालन नाफा	११७,७५८	५५,३८२	१२,९९०
आय कर खर्च - चालु बर्ष	३०,६९२	१७,७९८	१२,९९०
आय कर खर्च - गत बर्ष	-	(७९)	३,८९७
स्थगन कर खर्च (आम्दानी)	(१०६)	(५,१४९)	-
बार्षिक नाफा	८७,१७१	४२,८११	(३,८९७)
नाफा नोक्सानको विवरण बमोजिम वर्षको खुद नाफा वा नोक्सान	८७,१७१	४२,८११	(३,८९७)
विस्तृत नाफा/नोक्सानी	-	-	-
वर्षको जम्मा विस्तृत नाफा/नोक्सान (कर वाहेक)	८७,१७१	४२,८११	९,०९३

* पौष मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण । # As per NFRS

१३. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
		नबिल ब्यालेन्सड् फण्ड २		
१	सि.ए. मदन कृष्ण शर्मा	३० वर्षभन्दा बढीको व्यावसायिक अनुभव ।	चार्टर्ड एकाउन्टेन्स	पार्टनर, सिएसि एण्ड सिव, चार्टर्ड एकाउन्टेन्टस्
२	प्राध्यापक डा फत्त बहादुर के.सी.	पुर्व अध्यक्ष बिमा समिति, शिक्षण तथा अनुसन्धानमा ३६ वर्षभन्दा बढीको अनुभव ।	शिक्षण	प्रोफेसर, त्रिभुवन विश्वविद्यालय, नेपाल
३	प्राध्यापक डा देवी प्रसाद शर्मा बिडारी	शिक्षण तथा अनुसन्धानमा ३७ वर्षभन्दा बढीको अनुभव ।	शिक्षण	प्रोफेसर, स्कुल अफ म्यानेजमेन्ट, काठमाण्डौं विश्वविद्यालय,
४	श्री देब बहादुर बोहोरा	पूर्वप्रशासक (उप महालेखा परिक्षक), महालेखा परिक्षकको कार्यालय, महालेखापरिक्षकको कार्यालय ३० को कार्यनुभव ।	लेखापरिक्षण	आर्थिक परामर्शदाता
५	श्री नवीन कुमार वर्मा	शिक्षण तथा कानुन व्यवसायमा २९ वर्षभन्दा बढीको अनुभव र हाल सर्वोच्च अदालतमा अधिवक्ताको रुपमा कार्यरत ।	कानुन व्यवसाय	कानुन सेवासँग सम्बन्धित
		नबिल इक्वीटी फण्ड		
६	प्राध्यापक पवन कुमार ओझा	पूर्वमहा-न्यायाधिवक्ता, कानुन व्यवसायमा ४१ वर्षभन्दा बढीको अनुभव र हाल वरिष्ठ अधिवक्ताको रुपमा कार्यरत ।	कानुन व्यवसाय	कानुन सेवासंग सम्बन्धित
७	प्राध्यापक डा. विजय कुमार के.सी.	शिक्षाविद, शिक्षण तथा अनुसन्धानमा ४३ वर्षभन्दा बढीको अनुभव ।	शिक्षण	प्रोफेसर एवं डिन, काठमाण्डू विश्वविद्यालय (स्कुल अफ म्यानेजमेन्ट)
८	प्राध्यापक डा. शुरवीर पौड्याल	पूर्वअध्यक्ष - नेपाल धितोपत्र बोर्ड, शिक्षाविद, शिक्षण तथा अनुसन्धानमा ३७ वर्षभन्दा बढीको अनुभव	अर्थशास्त्री	परामर्शदाता
९	श्री विनोद बाबु काफ्ले	पूर्वसञ्चालक, नेपाल धितोपत्र बोर्ड, निजामती सेवामा ३० वर्षभन्दा बढीको अनुभव ।	अर्थशास्त्री	परामर्शदाता

१४. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी स्वीकृतीका लागि पठाउन् अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौताबमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

१५. योजनाको उद्देश्य :

इकाई बिक्रीबाट सङ्कलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।

१६. योजनाले लगानी गर्ने क्षेत्र :

नियमावली एवं निर्देशिकाको अधीनमा रही योजनाको रकम देहायबमोजिम लगानी हुनेछ :
१. बोर्डमा दर्ता भएको धितोपत्र २. सार्वजनिक निष्काशन भएको धितोपत्र ३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु ५. बैंक निक्षेप ६. मुद्रा बजार उपकरण ७. प्राइभेट इक्वीटी, भेञ्चर क्यापिटल, सामूहिक लगानी कोष, बैकल्पीक लगानी कोष ८. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

१७. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

१ *खुद सम्पत्ति मूल्य गणना गर्ने विधिः*
प्रति इकाई खूद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको खुद सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु
प्रति इकाई खुद सम्पत्ति मूल्य = --
मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई सङ्ख्या

२ *खुद सम्पत्ति मूल्य प्रकाशनसम्बन्धी व्यवस्थाः*
योजनाको इकाई बाँडफाँट भएको एक महिनाभित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ र त्यस पछि पनि नियमावलीको व्यवस्था बमोजिम प्रत्येक हप्ताको खुद सम्पत्ति मूल्य निर्धारण गरी योजना व्यवस्थापकको वेब साईट www.nabilinvest.com.np मा सार्वजनिक गरिनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सोसम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धी विवरण तथा जानकारी सार्वजनिक गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१८. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

(रु.हजारमा)

विवरण	बर्ष १	बर्ष २	बर्ष ३	बर्ष ४	बर्ष ५	बर्ष ६	बर्ष ७	बर्ष ८	बर्ष ९	बर्ष १०
लगानी	१,४६२,२५७	१,५२३,०५२	१,५५८,२५१	१,५९९,७६३	१,६५६,६३३	१,६८८,७४२	१,७५५,०८८	१,८५५,१६३	१,९८३,३४४	१,९३८,१९०
चालु सम्पत्ति	१३,८००	१२,६७०	१२,४०४	१२,१६९	१२,६८६	१३,३१७	१४,२८५	१५,७५८	१९,०५८	२९,६२८
कुल सम्पत्ति	१,४७६,०५७	१,५३५,७२२	१,५७०,६५५	१,६११,९३२	१,६६९,३१८	१,७०२,०५९	१,७६९,३७३	१,८७०,९२१	२,००२,४०२	१,९६७,८१८
चालु दयित्व	१४४,१८८	१५६,१९७	१८०,२१८	१९२,२२८	२१६,२५०	२०४,२५६	२०४,२६३	१९२,२६९	१८०,२७५	२८१
कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्क अघिको खुद सम्पत्ति मूल्य	१९,५९३	२०,३४८	२०,८७५	२१,८२४	२३,०६३	२४,१६६	२५,८५९	२८,४३५	३२,०६२	३४,७५१
कोष व्यवस्थापन शुल्क	१४,९५५	१५,५५९	१५,९८०	१६,७३९	१७,७३१	१८,६१३	१९,९६७	२२,०२८	२४,९२९	२७,०८०
सुपरिवेक्षक शुल्क	९००	९००	९००	९००	९००	९००	९००	९००	९००	९००
डिपोजीटरी शुल्क	३,७३९	३,८९०	३,९९५	४,१८५	४,४३३	४,६५३	४,९९२	५,५०७	६,२३२	६,७७०
खुद सम्पत्ति मूल्य	१,३१२,२७५	१,३५९,१७६	१,३६९,५६२	१,३९७,८८१	१,४३०,००५	१,४७३,६३६	१,५३९,२५२	१,६५०,२१७	१,७९०,०६५	१,९३२,७८६
इकाई संख्या	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००	१२०,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.९४	११.३३	११.४१	११.६५	११.९२	१२.२८	१२.८३	१३.७५	१४.९२	१६.११
लाभांश वितरण	१२%	१३%	१५%	१६%	१८%	१७%	१७%	१६%	१५%	०%
लगानीमा प्रतिफल	१२.००%	११.८९%	१३.२४%	१४.०२%	१५.४५%	१४.२७%	१३.८४%	१२.४७%	१०.९१%	०.००%
Cumulative Capital Gains	९.३६%	१३.२६%	१४.१३%	१६.४९%	१९.१७%	२२.८०%	२८.२७%	३७.५२%	४९.१७%	६१.०७%
बार्षिक पूँजीगत लाभ	९.३६%	३.९१%	०.८७%	२.३६%	२.६८%	३.६४%	५.४७%	९.२५%	११.६५%	११.८९%
लगानीमा कुल प्रतिफल (बार्षिक)	२१.३६%	१६.९१%	१५.८७%	१८.३६%	२०.६८%	२०.६४%	२२.४७%	२५.२५%	२६.६५%	११.८९%

१९. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाको लेखापरीक्षणपश्चात् आएको खुद वितरणयोग्य मुनाफाको हिसावले इकाईको अङ्कित मूल्यको आधारमा हरेक आर्थिक बर्षमा एक वा सो भन्दा बढी पटक मुनाफा वितरण गरिनेछ । सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ ।

२०. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने करसम्बन्धी व्यवस्था :

प्रचलित कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. योजनामा अर्न्तनिहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

१) ***सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :***
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

२) ***धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटवढ हुने सम्बन्धमा :***
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

३) ***कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :***
योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

४) ***कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :***
योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिंदैन ।

५) ***यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :***
यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

१) ***प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :***
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य वृद्धि (capital gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

२) ***योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :***
सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिमसमेत आकर्षित हुनसक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुनेहुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

३) ***रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :***
रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

४) ***व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :***
योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

५) ***योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :***
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्थाबमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

६) ***इक्वीटीसम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :***
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहनेहुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हुन्छन् ।

७) ***ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :***
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन ।

८) ***तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :***
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहनेहुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

९) ***ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदि बारे :***
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

१०) ***पुनर्लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनर्लगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :***
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुनः लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनर्लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

११) ***योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्र भन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :***
योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

१२) ***योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :*** योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

१३) ***योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :***
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।

१४) ***योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :***
योजनाको कार्यसम्पादनको आधारमा योजनाअन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि निम्नानुसारको उपयुक्त उपाय अवलम्बन गरिएकोछ ।

(१) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयालाई निरन्तरता दिईएको छ । सोको निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(२) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिएकोछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिएकोछ ।

(३) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको रहेको छ जसमा आधारभूत बिश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) तयार गर्नको लागि व्यावसायिक विश्लेशकको व्यवस्था गरिएको छ ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिएकोछ ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर राम्रो प्रतिफल हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र नियमावली तथा निर्देशिका तथा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको अधिनमा रही सम्भव भएसम्म बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधीकरणको प्रक्रिया अबलम्बन गरिएकोछ ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइएकोछ ।

(७) लगानी तथा जोखिम व्यवस्थापनका लागि सफ्टवेयरको उपयोग गरिएको छ जसमा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको लगानी सम्बन्धी विवरण राखिएको छ । साथै Scheme Manager ले लगानीका लागि उठाएको Investment Memo लाई Compliance Officer बाट Vet गराई, इन्भेष्टमेन्ट बैंकिंग प्रमुखबाट recommend गरी कार्यकारी प्रमुखको स्वीकृति लिएर डिलरको माध्यमबाट कारोबारको व्यवस्था गरिएकोछ ।

२२. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ ।
३. यस विवरण पुस्तिकाअनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
४. इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ ।
५. इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँट सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।
६. योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण गरी दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

२३. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।
२. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिंदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।
   (क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।
   (ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।
   (ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।
   (घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।
   (ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आश्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्ने ।
   (च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।
   (छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्ने चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
   (ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
३. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।
४. योजनाको इकाई खरिदका लागि आवेदन दिंदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरिद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड २० लाख ईकाइसम्म खरिद गर्न सकिनेछ । आवेदन फारमसाथ आवेदन वापतको शत् प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।
५. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट सी-आस्वा (C-ASBA) प्रणाली अन्तर्गत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु.१०,००,०००/- वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ ।
६. इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फाराममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनु पर्नेछ । यसरी आवेदन फाराममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।
७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।
८. आवेदकले विवरण पुस्तिका राम्रो अध्ययन गरेर मात्र आवेदन दिनु उपयुक्त हुन्छ ।

२४. विवरणपत्र पुस्तिका पाइने तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल बैंक लिमिटेड, नबिल सेन्टर, बीना मार्ग, दरबारमार्ग स्थित प्रधान कार्यालय र वेवसाइट : www.nabilbank.com
२.	नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np
सि.नं.	**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान**
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२५. इकाई बिक्री खुला अबधि :

यस विवरण-पत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम ३० दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

२६. रेटिङ्ग सम्बन्धी व्यवस्था :

श्री इक्रा नेपाल लिमिटेड, काठमाडौंबाट योजना व्यवस्थापकको फण्ड म्यानेजमेन्ट क्वालिटि रेटिङ्ग (FMQR) अर्न्तगत "[ICRANP] AMC Quality 3+ (AMC3+) (Reaffirmed)" प्राप्त भएको ।

२७. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यस्को समाधानका लागि योजना व्यवस्थापकका कर्पोरेट फाइनान्स तथा रिसर्च प्रमुख नियम पालना अधिकृतको रुपमा नियुक्त गरेको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षकसमक्ष राखी सोको समाधान गरिनेछ ।

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री रुपेश कार्की ०१-४४११६०४ मा सम्पर्क गर्न सकिनेछ ।

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np